कार्यालय कोड नं.८०१०५५७०६

स्थायी लेखा नं.२०१३२२५७६

नरैनापुर गाउँपालिका
Narainapur Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
नरैनापुर, बाँके
Narainapur, Banke

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

# व्यवसाय नवीकरण तथा व्यवसाय कर दाखिला गर्ने सम्बन्धी सूचना।

**(प्रकाशित मिति २०८३।०५।१५)**

यस नरैनापुर गाउँपालिकाको **आर्थिक ऐन, २०८३** तथा प्रचलित कानून बमोजिम गाउँपालिका क्षेत्रभित्र सञ्चालित सम्पूर्ण व्यवसायले प्रत्येक आर्थिक वर्षमा **व्यवसाय नवीकरण गरी तोकिएको व्यवसाय कर दाखिला गर्नुपर्ने** व्यवस्था रहेको हुँदा आफ्नो व्यवसाय समयमै नवीकरण गरी व्यवसाय कर दाखिला गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

सम्बन्धित व्यवसायीहरूले देहायबमोजिमका कार्य गर्नुपर्नेछः

१. आफ्नो व्यवसायको **व्यवसाय दर्ता प्रमाणपत्र नवीकरण** गर्ने।
२. आर्थिक ऐन, २०८३ बमोजिम तोकिएको **व्यवसाय कर दाखिला** गर्ने।
३. व्यवसायको प्रकृति, स्थान, पूँजी तथा कारोबारमा परिवर्तन भएको भए सोको विवरण सम्बन्धित कार्यालयमा अद्यावधिक गर्ने।
४. विगत आर्थिक वर्षहरूको व्यवसाय कर तथा नवीकरण शुल्क बाँकी रहेको भए सो समेत दाखिला गर्ने।

तोकिएको समयमा व्यवसाय नवीकरण तथा कर दाखिला नगर्ने व्यवसायीबाट **प्रचलित कानून तथा गाउँपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम लाग्ने जरिवाना तथा अन्य दस्तुरसमेत असुल गरिने** व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

अतः गाउँपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्दै आउनुभएका सम्पूर्ण व्यवसायीहरूले नरैनापुर गाउँपालिकाको **राजश्व शाखामा सम्पर्क गरी आफ्नो व्यवसाय नवीकरण तथा कर दाखिला** गरी गाउँपालिकाको राजश्व संकलन तथा व्यवसाय व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउनुहुन हार्दिक अनुरोध छ।

..............................

नवराज बली
प्रमुख प्रशासकीय अधिकृत